## गुलरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दिया

## गुलरिया पशु हाटबजार कर असुली सम्बन्धी ठेक्काको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७५/११/३० गते)*

यस गुलरिया नगरपालिकाको स्थानिय राजस्व परामर्श समितीको मिती २०७५/११/२९ गते बसेको बैठकको निर्णयानुसार गुलरिया नगरपालिकाको **पशु हाट बजार** कर असुली ठेक्काको शिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजीम प्रथम पटक १५ (पन्ध्र) दिने सूचना आह्वान गर्नुपर्ने भएको हुँदा इच्छुक महानुभावहरुबाट तपसिल अनुसारको शर्त बमोजिम शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नका लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । ठेक्का लिन इच्छुक व्यक्ति,संस्था तथा सबै महानुभावहरुले तोकिएको म्यादभित्र दरभाउपत्र खरीद गरी कार्यालयमा पेश गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१.दरभाउपत्र फाराम रु.१०००।- (पछि फिर्ता नहुने)गरी यस कार्यालयबाट मिति २०७५/११/३० देखी २०७५/१२/१४ गते सम्म कार्यालय समयभित्र खरीद गरिसक्नु पर्नेछ ।

२. दरभाउपत्र फाराम साथ नेपाली नागरीकको लागी आफुले कबोल गरेको अंकको ५% ले हुने रकम र विदेशीको हकमा १०% रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैंक गुलरिया शाखाको धरौटी खाता नं.४१४०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर, नेपाली नागरीकताको प्रमाणपत्रको फोटोकपी विदेशीको हकमा पासपोर्टको फोटोकपी बोलपत्रसाथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्रहरु मिति २०७५/१२/१५ गते अपरान्ह १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्रहरु मिति २०७५/१२/१५ गते दिनको ३:०० बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

५. शिलबन्दी दरभाउपत्र लिने, दिने र खोल्ने दिनमा बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयलाई मानिने छ ।

६. कुनै पनि शर्त राखी वा हुलाक, आवा र टेलिफोनबाट कबोल गरेको अंकलाई मान्यता दिइने छैन ।

७. प्रचलित कानून अनुसार लाग्ने कर तथा आयकर स्वयं बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।

८.सम्झौता गर्न आउँदा कबोल अंक बराबरको एकमुस्ट रकम अग्रिम दाखिला गर्नु पर्ने छ वा प्रथम किस्ता रकमको साथमा एक बर्षको (बाह्र महिनाको) बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैंकबाट) अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

९. ठेकेदारले कबोल अंक सम्झौताका बखत नै एकमुष्ट नगदै दाखिला गरेमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१०. ठेकेदारले आफुले कबोल गरेको अंकलाई सम्झौतामा उल्लेखित किस्ता बमोजिम दाखिला गर्नुपर्नेछ प्रथम किस्ता चलन पूर्जी लिन अगावै र अन्य किस्ता शर्तनामा उल्लेख गरिए अनुसार हुनेछ ।

११.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।

१२. थप जानकारीको लागि यस नगरपालिका कार्यालयको राजश्व शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१३. ठेकेदारले आफुले कबोल गरेको रकम अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

१४.पशुहाट बजारमा ठेकेदारले उठाउन पाउने दररेट: (१) पशु हाटबजारमा पशु खरीद बिक्रीमा खरीदकर्ताबाट

(क) राँगा भैसीको प्रति जिउ रु. २३०।-

(ख) गाई गोरुको प्रति जिउ रु. १७५।

(ग) पशु सट्टा पट्टामा प्रति जिउ रु. १५०। दुवै बाट

(घ) पशुहरु हाट बजारमा प्रवेश गराए बापत प्रवेश शुल्क प्रतिजीउ रु. २०।-

१५. अन्य शर्तहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४,स्थानिय सरकार संचालन ऐन ०७४ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।

| *सि.न.* | *ठेक्काको नाम* | *आ. व.* | *न्यूनतम अंक रु.* |
|---|---|---|---|
| *१.* | *गुलरिया पशुहाट बजार कर असुली ठेक्का वडा नं. ०८* | *२०७५ चैत्र २० देखि २०७६ चैत्र १९ सम्म एक बर्षका लागी ।* | *१,५००,०००। पन्ध्रलाख मात्र ।* |

बोधार्थ: श्री सूचना तथा प्रविधि शाखा कार्यालयको वेबसाईडमा राखिदिनु हुन ।